सुशासन र समुन्नतिको

# VIS1ON

१

# सम्मानित

भएर बाँच्न पाउने

# नेपाल

**स्वतन्त्रता र स्वाभिमान:** हरेक नेपालीको स्वतन्त्रता, पहिचान र स्वाभिमान सुरक्षित।
**व्यक्तिगत स्वतन्त्रता:** कानुन बमोजिम इच्छा अनुसार पेशा-व्यवसाय र जीवनयापन।
**समान पहुँच:** देश तथा विदेशमा रहेका कोहि पनि नेपालीलाई  कुनै अपमान वा भेदभाव नहुने।
**हिंसामुक्त समाज:** शारीरिक, मानसिक वा लैङ्गिक हिंसाबाट मुक्त।
**समान अवसर:** जात, धर्म, लिङ्ग, वर्ग वा स्थानका आधारमा भेदभाव समाप्त।
**सहिष्णु समाज:** आत्मसम्मान र सिर्जनशीलताको साझा घर।

सुशासन र समुन्नतिको

# VIS10N

१

# सपना देख्न सक्ने नेपाल

**समृद्ध नेपाल:** प्रगति र उन्नतिको सपना देख्ने देश।
**युवा शक्ति:** शासन र विकासका सक्रिय साझेदार।
**सृजनशील अवसर:** स्वदेशमै मर्यादित र आकर्षक अवसर।
**विदेशमा बस्ने नेपाली :** ज्ञान, सीप र योगदान मातृभूमिमा जोडिने।
**जीवन्त भविष्य:** फर्कन मन लाग्ने र सुनौलो अवसर देखिने देश।

सुशासन र समुन्नतिको

# VIS10N

३

# सम्पत्ति र रोजगारी

## सृजनालाई प्रोत्साहन गर्ने

# नेपाल

**लगानी र रोजगारी:** आँट गरेर लगानी गर्ने, उत्पादनमा जोड दिने सबैलाई राज्यको साथ।


**व्यवसाय प्रोत्साहन:** साना-ठूला सबै व्यवसायीलाई हरतरहले प्रोत्साहन।

**सक्षम नागरिक:** आर्थिक रुपमा पछाडि परेकालाई आय र सम्पत्ति आर्जन गर्न सक्षम बनाउने।

**श्रमिकको सम्मान:** मेहनतको उचित मूल्य, सामाजिक सुरक्षा र सम्मान राज्यको दायित्व।

**आर्थिक स्वच्छता:** वैध नाफा प्रोत्साहन, अवैध सम्पत्ति नियन्त्रण।

**सदाचार र पारदर्शिता:** आर्थिक नैतिकता र सदाचारलाई संस्कृतिका रुपमा प्रवर्धन।


सुशासन र समुन्नतिको
VIS10N
४
पेटभरी खुवाउने,
देशलाई चिनाउने
किसानको
नेपाल
किसानको सम्मान: स्वास्थ्यकर खाद्यान्न आपूर्ति पुर्याउन सक्ने बनाउने, किसान देशको प्रगतिका मुख्य सारथी।
आधुनिक कृषि: कृषि पेसा बाध्यता होइन, मर्यादित र आधुनिक रोजगार।
उत्पादनको उचित मूल्य: स्वास्थ्यकर खाद्यान्न, बजारमा सहज पहुँच र उचित मूल्य सुनिश्चित।
युवाको अवसर: कृषिमा प्रविधि, युवालाई भरोसा र भविष्य निर्माण।
राज्यको साथ: सिँचाइ, मल, बीमा र भुक्तानी व्यवस्थापन, बजार र मूल्य सुनिश्चित।
विश्व बजारमा ब्राण्ड: उत्पादनलाई अन्तर्राष्ट्रिय स्तरमा :बमभ क्ष्ल लभउबा प्रवर्धन गर्ने कृषि-उद्यमीको साथ।

सुशासन र समुन्नतिको

# VIS10N

५

# ओखती र ओत दिने नेपाल

**सुरक्षित उपचार:** रोग लाग्दा उपचार र अस्पतालको शुल्कको डरबाट मुक्त।
**स्वास्थ्य सेवा अधिकार:** उपचार नागरिकको मौलिक अधिकार, राज्यको कर्तव्य।
**औषधि र अस्पतालको ओत:** सबै नेपालीले सहज पहुँच पाउने।
**उन्नत स्वास्थ्य बीमा:** विकसित देशको स्तरको बीमा प्रणाली मार्फत जिम्मेवारी पूरा।
**स्वास्थ्यप्रतिको संवेदनशीलता:** गर्भावस्था देखि वृद्धावस्थासम्म हरेक नागरिकको स्वास्थ्यमा राज्य संवेदनशील र जिम्मेवार।

सुशासन र समुन्नतिको

# VIS1ON

६

# छोराछोरी पढाउन आर्थिक भार नपर्ने नेपाल

**शिक्षा राष्ट्रको लगानी:** शिक्षालाई खर्च होइन, सबैभन्दा महत्वपूर्ण लगानी मान्ने।
**सर्वसुलभ शिक्षा:** आर्थिक अभावका कारण कोही गुणस्तरीय शिक्षा पाउने अधिकारबाट वञ्चित नहुने ।
**पोषण र शिक्षा सँगसँगै:** बालबालिकाको पूर्ण पोषण सुनिश्चित गरेर बालबालिकामा सिकाइ क्षमता वृद्धि।
**हिंसामुक्त बाल्यकाल:** सबै प्रकारको हिंसा र शोषणबाट मुक्त, रमाइलो विद्यालय र खेलमैदान ।
**प्रविधि र नवप्रवर्तन:** प्रि-प्राइमरीदेखि विश्वविद्यालयसम्म सृजनशीलता र प्रयोगमा जोड।
**विश्वसामर्थ्य युवा:** जीवनोपयोगी ज्ञान, विवेकपूर्ण चेतना र मूल्यमा आधारित शिक्षा प्रणालीबाट युवालाई विश्वभर प्रतिस्पर्धामुखी

सुशासन र समुन्नतिको

# VIS1ON

७

# बेथिति र हैरानीमुक्त विधिको शासन भएको नेपाल

**समान कानूनी पहुँच**: आम नागरिकदेखि सत्तामा रहेकासम्म सबै कानूनको नजरमा समान।
**भेदभाव अन्त्य**: "निमुखालाई ऐन, ठूलालाई चैन" हुने अवस्था समाप्त।
**सरकारी सेवा सबैका लागि खुला**: ढोका समान रूपमा खुला रहने।
**योग्य नियुक्ति**: ज्ञान, ईमान र क्षमता भएका संविधानप्रति वफादार नागरिकलाई मात्र नियुक्त।
**डिजिटल नेपाल**: प्रविधिको प्रयोगले भ्रष्टाचार र सरकारी ढिलासुस्ती समाप्त।
**लोकतान्त्रिक पहुँच**: घरमै बसेर सेवा पाउने र निर्भयतापूर्वक सरकारसँग प्रश्न गर्न सक्ने वातावरण।
**संस्थागत स्वच्छता**: अदालत, संवैधानिक निकाय, प्रहरी, विश्वविद्यालय जस्ता संस्थामा दलीयकरण अन्त्य।

सुशासन र समुन्नतिको

# VIS10N

८

# मौलिकतामा गर्व गर्ने आधुनिक नेपाल

**संरक्षण र सम्मान:** भाषा, कला, साहित्य, संस्कृति र सम्पदाको समान रुपमा संवर्द्धन।
**आधुनिकता र मौलिकता:** आधुनिकतासँग तालमेल राख्दै आफ्नै पहिचानमा गर्व।
**विश्वसँग सम्बन्ध:** ज्ञान, अर्थतन्त्र र संस्कृति विश्वस्तरमा जोडिएको नेपाल।
**विविधता र विशिष्टता:** नेपालको मौलिक पहिचान–जातजाति, भाषा, धर्म, संस्कृति, कला र परम्परा।

सुशासन र समुन्नतिको

# VIS1ON

## ९ विश्वले सम्मान गर्ने स्वाभिमानी नेपाल

**सार्वभौम र स्वाभिमानी नेपाल:** विश्व समुदायमा शान्त र प्रतिष्ठित राष्ट्रको रुपमा स्थापित।
**राष्ट्रिय हितमा परराष्ट्र नीति:** समानता र सार्वभौमिक मूल्यमा आधारित।
**विश्वमा पहिचान:** सगरमाथा र बुद्धको देश मात्र होइन, जिम्मेवार र सम्मानित सदस्य।
**राहदानी र गौरव:** नेपाली राहदानीलाई विश्वले सम्मान गर्ने, हामी गर्व गर्ने देश।
**समानता र सम्मानमा आधारित सम्बन्ध:** छिमेकी र मित्रराष्ट्रसँग आर्थिक साझेदारी र आपसी सम्मान

सुशासन र समुन्नतिको

# VIS1ON

१०

# समुन्नतिमा लम्कने नेपाल

**प्रभावकारी प्रणाली:** उत्कृष्ट, परिणाममुखी, विश्वस्तरको गति र गुणस्तर।
**आधुनिक क्षेत्रहरू:** कृषि, पर्यटन, ऊर्जा, आईटी, खेलकुद, यातायातमा सबल र आधुनिक विकास।
**प्राकृतिक सम्पदा संरक्षण:** हिमाल, नदी, वनजंगल भावी पुस्ताका लागि सुरक्षित।
**खुला र प्रतिस्पर्धी अर्थतन्त्र:** प्रविधि र अन्तर्राष्ट्रिय लगानीलाई आकर्षित।
**जनमुखी लोकतन्त्र:** लोकतन्त्र सरकारको निरन्तरतामा होइन, जनजीवनमा प्रत्यक्ष सुधार र उपलब्धिमा केन्द्रित।
**समान सहभागिता:** जात, धर्म, वर्ग, भूगोल र समुदायको सम्मानजनक भूमिका।
**समुन्नत नेपाल:** सक्षम, स्वतन्त्र, सम्मानित नागरिक र विविधताको सृजनात्मक योगदानबाट बलियो राष्ट्रियता।